# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, कार्तिक १४ गते, २०७८ साल (अतिरिक्ताङ्क १७


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### सम्वत् २०७८ सालको अध्यादेश नं. ०५

### कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल कर्णाली प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः</u>** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।"

**३.** **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।

**४.** **<u>मूल ऐनमा दफा १२क. थपः</u>** मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. **<u>सदस्य-सचिवको पारिश्रमिक र सुविधाः</u>** (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।

(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।"

५. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ।

६. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ।

७. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (१) मा रहेका "सहायक अधिकृतस्तर (छैठौं तह)" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "सहायक अधिकृत स्तरका" भन्ने शब्दहरूको सट्टा "अधिकृतस्तर (छैटौं तह) का" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल ऐनको दफा ३७ मा संशोधनः** मूल ऐनको दफा ३७ मा रहेको "प्रदेश परिषद्ले" भन्ने शब्दहरूको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ।

९. **रुपान्तरणः** मूल ऐनको ठाउँ ठाउँमा रहेका "खेलकुद विकास परिषद्" भन्ने शब्दहरूको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्" भन्ने शब्दहरु राखिएका छन्।

प्रमाणिकरण मिति २०७८/०७/१४

**आज्ञाले,**
झक्क प्रसाद आचार्य
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय